# थारू आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७८

थारू आयोग

**थारू आयोग**

अनामनगर, काठमाडौ

# थारू आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७८

<u>स्वीकृत मितिः२०७८/०४/०७</u>

**<u>प्रस्तावना:</u>** थारू आयोगले आफ्नो काम, कर्तव्य तथा अधिकार पालना गर्न, आयोगका काम कारवाहीलाई प्रभावकारी र बिश्वासनीय बनाई स्वतन्त्र, निष्पक्ष, बस्तुनिष्ठ र पारदर्शी बनाउँदै आयोगका पदाधिकारी तथा कर्मचारीको सार्वजनिक सदाचार, पदीय मर्यादा तथा पेशागत आचरण र सुशासन कायम गर्न बान्छनीय भएकोले थारू आयोग ऐन, २०७४ को दफा ७ को खण्ड (द) ले दिएको अधिकार प्रयोग गरी थारू आयोगले यो आचारसंहिता बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो आचरसंहिताको नाम " थारू आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७८" रहेको छ।

(२) यो आचारसंहिता स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) " आयोग " भन्नाले थारू आयोग सम्झनु पर्छ।

(ख) " पदाधिकारी " भन्नाले आयोगको अध्यक्ष तथा सदस्य सम्झनु पर्छ।

(ग) " कर्मचारी" भन्नाले आयोगमा कार्यरत स्थायी र करार कर्मचारी समेत सम्झनु पर्छ।

(घ) " परिवार " भन्नाले आयोगका पदाधिकारी र कर्मचारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ।

**३. <u>आचारसंहिता लागु हुनेः</u>**

(क) आयोगका पदाधिकारी,

(ख) आयोगका कर्मचारी,

(ग) आयोगको काममा खटिएका विशेषज्ञ, समिति, कार्यदलका सदस्य वा अन्य निकायका कर्मचारी वा व्यक्ति।

**४. <u>पदीय मर्यादा र आचरणः</u>** (१) पदाधिकारीले देहाय बमोजिमको पदीय मर्यादा तथा आचरण पालना गर्नु पर्नेछः-

(क) थारू समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन गर्ने तथा थारू समुदायको सशक्तीकरणको लागि स्वतन्त्र, निष्पक्ष र इमान्दारीपूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्ने,

(ख) विभिन्न जातजाति, समुदाय तथा सम्प्रदाय बीचको सम्बन्धमा खलल पर्ने कुनै काम गर्न नहुने,

(२) पदाधिकारी तथा कर्मचारीले कार्य सम्पादन गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वभिमानमा प्रतीकूल असर नपर्ने गरी नेपालीको हकहितको रक्षाका साथै नेपालको आर्थिक, सामाजिक समुन्नति र समृद्धि हुने गरी स्वतन्त्र, निष्पक्ष र इमान्दारीतापूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्ने,

(३) पदाधिकारी तथा कर्मचारीले थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तीकरणको लागि स्वतन्त्र, निष्पक्ष तथा ईमान्दारीता पूर्वक आफ्नो पदीय दायित्व पूरा गर्नु पर्ने,

(४) पदाधिकारी तथा कर्मचारीले आयोगको संस्थागत एवं कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न हरसम्भव प्रयत्नशील रहनु पर्ने,

(५) पदाधिकारी तथा कर्मचारीले आयोगको कार्य सम्पादन गर्दा वा पदीय कर्तव्य र दायित्व निर्वाह गर्दा कुनै प्रकारको प्रभाव, दबाब, भनसुन, धम्की, आग्रह, पूर्वाग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कानूनको निश्पक्ष र स्वच्छ रुपले कार्यान्वयन गर्नु पर्ने,

(६) पदाधिकारी तथा कर्मचारीले नागरिकको व्यक्तिगत स्वतन्त्रता र अधिकारको सम्मान एवं संरक्षण हुने गरी सेवाग्राहीहरु प्रति सम्मानजनक मानवीय व्यवहार गर्नु पर्ने,

(७) पदाधिकारी तथा कर्मचारीले एक आपसमा एवं सेवाग्राही प्रति व्यवहार गर्दा आयोगको काम कारबाहीमा असर पर्ने गरी आयोगको स्वतन्त्रता, निष्पक्षता वा विश्वासनीयतामा आँच पुग्ने गरी कुनै प्रकारले टिका-टिप्पणी, आलोचना गर्न वा अन्य कुनै अभिव्यक्ति दिन नहुने,

(८) आयोग प्रति जनविश्वास अभिवृद्धि गर्न पदाधिकारी तथा कर्मचारीले आफ्नो व्यवसायिक तथा निजी जीवनमा उच्चस्तरको आचरण प्रदर्शन गरी समाजमा उदाहरणीय रुपमा प्रस्तुत हुनु पर्ने।

**५.** **<u>स्वार्थ बाझिएमा निर्णय प्रकृयामा सहभागी हुन नहुने:</u>** (१) आयोगमा विचाराधीन कुनै विषयमा आयोगका सदस्यको हित, सरोकार वा स्वार्थ रहेको वा निजको परिवार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो सदस्यले आयोगमा पूर्व जानकारी गराउनु पर्नेछ र त्यस्तो विषयको निर्णय प्रकृयामा सहभागी हुनु हुँदैन।

(२) आयोगका कर्मचारीको कार्यालयसँग सम्बन्धित कुनै काममा व्यक्तिगत हित, सरोकार वा स्वार्थ रहेको वा निजको परिवार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो कर्मचारीले

थारू आयोग

आफूभन्दा माथिल्लो श्रेणीका अधिकृतलाई सो कुराको जानकारी गराई त्यस्तो कार्यमा संलग्न हुनु हुँदैन।

(३) आयोगका पदाधिकारी तथा कर्मचारीले आयोगको खरिद बिक्री कार्यमा आफू, आफ्नो परिवार र नजिकको नातेदार वा आफ्नो लगानी वा संलग्न संस्था मार्फत गर्नु गराउनु हुँदैन।

६. <u>**सदाचार र अनुशासन सम्बन्धी आचरणहरुः**</u> **(१)** पदाधिकारी तथा कर्मचारीले सदाचार सम्बन्धी देहायका आचरण पालना गर्नु पर्दछः-

(क) संविधान, ऐन र प्रचलित कानूनको परिपालना गर्नु पर्ने,

(ख) आयोगको उदेश्य, नीति, कार्यक्रम, मूल्य मान्यता प्रति सदा समर्पित हुनु पर्ने,

(ग) आफूले सार्वजनिक संस्थालाई तिर्नुपर्ने वा बुझाउनु पर्ने रकम, कर, दस्तुर, दण्ड जरिबाना वा महशुल कानून बमोजिम समयमै बुझाउनु पर्ने,

(घ) पदाधिकारीले मर्यादित पोशाक लगाउनु पर्ने र पोशाक भत्ता लिने कर्मचारीले तोकिए बमोजिम पोशाक लगाउनु पर्ने,

(ङ) आयोगका कर्मचारीले निजामती कर्मचारीका लागि व्यवस्था भएका कानून बमोजिमको आचरण समेत पालना गर्नु पर्ने,

(च) आयोगबाट तोकिएको जिम्मेवारी तदारुकताका साथ पुरा गर्नु पर्ने,

(छ) आयोगको काममा खटिंदा वा संलग्न रहँदा तटस्थ र निश्पक्ष भई काम गर्नु पर्ने,

(ज) आयोगमा कार्यरत पदाधिकारी, कर्मचारी र आयोगको काममा खटाईएको व्यक्तिले निजको सेवा शर्त सम्बन्धी कानूनमा लेखिएको कुराको अतिरिक्त आयोगले निर्धारण गरेको आचारसंहिता अनुसारको पदीय मर्यादा तथा आचरणको पालना गर्नु पर्ने,

(झ) आयोगका पदाधिकारी, कर्मचारी र आयोगको काममा खटाईएको व्यक्तिले आयोगको कामको शिलशिलामा कुनै पदाधिकारी वा व्यक्तिसंग कुराकानी वा छलफल गर्दा कार्यालय भित्र वा बाहिर काम गर्दा वा व्यवहार गर्दा शिष्ट भाषाको प्रयोग र मर्यादित व्यवहार गर्नु पर्ने,

(ञ) आयोगको कार्यमा इमानदारीपूर्वक उच्चतम बुद्धिमत्ता, कुशलता र दक्षताको प्रयोग गर्नु पर्ने,

**(२) पदाधिकारी तथा कर्मचारीले देहायका कार्य गर्न वा गराउन हुँदैनः-**

(क) कुनै पनि राजनीतिक आस्थाको आधारमा कुनै कार्य गर्न वा गराउन,

(ख) आयोगको उद्देश्य प्रतिकूल कुनै कामकारबाही गर्न गराउन वा अभिव्यक्ति दिन,

(ग) आयोगको काममा कसैबाट प्रभावित हुन र कसैलाई प्रभावित गर्न वा मोलाहिजा गर्न गराउन,

(घ) आयोगबाट प्राप्त सुविधा दुरुपयोग गर्न वा गराउन,

(ङ) मादक पदार्थ तथा धुम्रपान गरी कार्यालय परिसरमा उपस्थित हुन,

(च) सरकारी कोष, सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना, बेवास्ता र दुरुपयोग गर्न,

(छ) राजनीतिक आस्था, क्षेत्रियता, व्यक्तिको लैंगिक, शारीरिक अवस्था, धार्मिक मूल्य मान्यता तथा विश्वासमा चोट पुग्ने वा विवाद उत्पन्न हुने कार्य गर्न,

(ज) विभिन्न जातजाती, समुदाय तथा सम्प्रदाय विचको सम्बन्धमा खलल पर्ने कुनै काम गर्न वा गराउन,

(झ) आयोगको तर्फबाट आयोगको सहमति बिना कुनै प्रकारको अनाधिकृत प्रतिबद्धता वा प्रतिज्ञा गर्न,

(ञ) कर्तब्य पालनाको सिलसिलामा जानकारीमा आएका कानून बमोजिम गोप्य राख्नुपर्ने विषय, कागजात वा ब्यहोरा प्रत्यक्ष वा परोक्ष रुपबाट प्रकाश गर्न वा प्रकट गर्न,

(ट) आफू वा आफ्नो परिवार वा नजिकको नातेदारसँग सम्बन्धित कुनै काम गर्न गराउन वा नगराउन आफू कार्यरत वा अन्य निकायका पदाधिकारी वा ब्यक्तिलाई दबाब दिन वा अनुचित प्रभाव पार्न,

**(३) पदाधिकारी तथा कर्मचारीले दान, उपहार र चन्दा सम्बन्धमा देहायको आचरण पालना गर्नु पर्नेछः-**

(क) आयोगबाट सम्पादन हुने कार्यसँग सम्बन्धित ब्यक्ति वा संस्थाबाट कुनै दान, दातब्य, ऋण, आर्थिक वा भौतिक लाभ, उपहार ग्रहण वा स्वीकार गर्न नहुने तर विशुद्ध पारिवारिक सम्बन्धको आधारमा प्रदान गरिएको दान, दातब्य, ऋण, उपहार वा कोशेली लिन बाधा पर्ने छैन।

(ख) पदाधिकारीले कर्मचारीबाट र माथिल्लो कर्मचारीले आफू मातहतका निकाय वा अन्तर्गत निकायका कर्मचारीबाट कुनै किसिमको उपहार ग्रहण गर्न हुँदैन ।

**(४) पदाधिकारी तथा कर्मचारीले गैर सरकारी संघसंस्थाको पदाधिकारी हुने वा अन्यत्रको रोजगारी स्वीकार गर्ने सम्बन्धमा देहायको आचरण पालन गर्नु पर्नेछः-**

(क) गैर सरकारी संघ संस्थाको पदाधिकारी हुन तथा त्यस्तो संस्थाका अनुचित वा गैरकानूनी कृयाकलापमा सहभागी हुन नहुने,

(ख) पदाधिकारी तथा कर्मचारीले प्रचलित कानुन बमोजिम बाहेक अन्यत्रको रोजगारी स्वीकार गर्न नहुने,

(ग) ग्रिनकार्ड, डि.भी. वा पि.आर. तथा विदेशी मुलुकको स्थायी आवशीय अनुमति लिन वा सोको लागि आवेदन दिन नहुने,

(घ) कुनै राजनीतिक दल वा त्यस्तो दलसित आवद्ध कुनै संघ, संस्थाको सदस्यता ग्रहण गर्न नहुने ।

**(५) पदाधिकारी तथा कर्मचारीले देहाय बमोजिम गरी पदको दुरुपयोग गर्न हुदैनः-**

(क) आ-आफ्नो ओहदा तथा अख्तियारी आफू वा आफ्नो परिवार वा कसैको अनुचित लाभ पुग्ने गरी प्रयोग गर्न,

(ख) आयोगको सम्पत्ति वा सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियतलाई सुहाउदो किसिमले बाहेक अन्य ब्यक्तिगत रुपमा दुरुपयोग गर्न।

७. **आचारसंहिता उल्लङघन भएको नमानिने :** पदाधिकारी वा कर्मचारीले देहायको काम गर्दा यो आचारसंहिता उल्लङघन भएको मानिने छैन :-

(क) आयोगको कामकारबाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूले विशेषज्ञता हासिल गरेको बिषयमा लिखित वा मौखिक परामर्श, प्रवचन दिन वा अध्ययन, अनुसन्धान, लेखन गर्दा,

(ख) साहित्य, कला, संस्कृति, खेलकूद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्वन्धी विषयमा सहभागी हुदाँ वा पेशागत तथा सामाजिक संस्थाहरुमा सदस्य हुँदा,

(ग) आयोगले गोप्य राख्नु पर्ने विषय बाहेक आयोगको उद्देश्य, नीति तथा कार्यक्रमका सम्बन्धमा प्रतिकुल असर नपर्ने गरी लेख, रचना प्रकाशन गर्दा,

(घ) प्रचलित कानून बमोजिम स्थापित बैंक तथा वित्तीय संस्था तथा सार्वजनिक कम्पनीले सार्वजनिक रुपमा जारी गरेको ऋण पत्र, बचत पत्र, सेयर खरिद तथा लाभांश लिदा,

(ङ) सबैको लागि खुल्ला गरिएको प्रतिस्पर्धामा सहभागी भई पुरस्कार, पदक, प्रमाण पत्र वा सम्मान ग्रहण गर्दा,

(च) नेपाल सरकार वा बैदेशिक संस्था वा कुनै सार्वजनिक संस्थाले आयोजना गरेको कार्यक्रम, समारोह, भोज भतेर वा रिसेप्सनमा सहभागी हुँदा,

(छ) थारू समुदायको हक हितमा असर परेकोमा वा पर्नसक्ने विषयमा संशोधन गर्न वा हटाउन वा उपयुक्त व्यवस्थापन गर्ने विचार दिंदा,

८. **आचार संहिताको अनुगमन :** यो आचारसंहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिमका पदाधिकारीबाट गरिनेछ :-

(क) आयोगको अध्यक्षको हकमा आयोगबाट,

(ख) आयोगको सदस्यको हकमा अध्यक्षले तथा सचिवको हकमा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यबाट,

(ग) अन्य कर्मचारीको हकमा आयोगका सचिव वा निजले तोकेको अधिकृतबाट,

९. **विविधः** यो आचारसंहिताको पालना सम्वन्धी विषयमा द्विविधा उत्पन्न भएमा कर्मचारीहरुले आयोगका सचिव समक्ष र सचिव तथा पदाधिकारीले आयोग समक्ष परामर्श गरी निकासा भए बमोजिम गर्नु पर्नेछ।

श्राद्ध आयोग